कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि विकास कार्यालय**
रूकुम (पश्चिम भाग)
कार्यालय कोड नं ३१२०७५९०५८

पत्र संख्या:- २०८२/८३ प्रथम पटक प्रकाशित मितिः २०८२/११/१३

सूचना नं.-१४

## शिलबन्दी दरभाउ-पत्र आह्वान सम्बन्धि सूचना

यस कार्यालयको आ.ब.२०८२/८३ को स्विकृत बार्षिक कार्यक्रम अनुसार कृषि यान्त्रिकरण कार्यक्रम अन्तर्गत जमिन तयारी, पोष्टहार्भेष्ट र वाली संरक्षणसँग सम्बन्धित मेशिनरी/उपकरणहरुमा कृषकलाई अनुदान उपलब्ध गराउने कार्यक्रम रहेकोले इच्छुक आधिकारिक आपूर्तिकर्ताहरुबाट निम्न लिखित शर्तहरुको अधिनमा रही शिलवन्दी दरभाउ-पत्र पेश गर्न सूचित गराइन्छ ।

<u>शर्तहरु:</u>

१ यो सूचना प्रकाशित भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र नगद रु.१०००/- अक्षरेपी एक हजार रुपैयाँ मात्र (फिर्ता नहुने गरी) तिरी यस कार्यालयबाट शिलबन्दी दरभाउ-पत्र फाराम खरिद गर्न सकिने छ ।

२ दरभाउ-पत्र फाराममा आफ्नो नाम, ठेगाना, कवोल गरेको अङ्क र अक्षरमा स्पष्ट लेखी शिलबन्दी गरी १६ औं दिनको १२:०० बजे भित्र कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । दर्ता हुन आएको शिलवन्दी दरभाउ-पत्र फाराम सोही दिन दिनको २:०० बजे दरभाउ-पत्रदाता वा नीजको प्रतिनिधिको रोहबरमा खोलिने छ । खोल्ने समयमा शिलबन्दी दरभाउ-पत्रदाता वा नीजको प्रतिनिधि नरहेको अवस्थामा पनि खोल्न बाधा हुने छैन ।

३ बिक्रेताले शिलबन्दी दरभाउ-पत्र पेशगर्दा अनिवार्य रुपमा पेश गनुपर्ने कागजातहरु:

- ❖ संस्था/फर्म दर्ता र नविकरण प्रमाण-पत्र, मु.अ.कर दर्ता प्रमाण-पत्र र आ.व.२०८१/८२ को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपी ।
- ❖ सम्बन्धीत कम्पनीको आधिकारीक बिक्रेता/डिलरशिपको प्रमाण-पत्रको प्रतिलीपी ।
- ❖ कृषि औजार उपकरणको स्पेसिफिकेशन खुल्ने रङ्गीन क्याटलग वा ब्रोसियर ।
- ❖ वारेन्टी/ग्यारेन्टीको सम्बन्धीत कम्पनीको आधीकारीक प्रमाणपत्र ।
- ❖ सम्भव भएसम्म बुझिने भाषामा उत्पादित वा आधिकारिक देशको टेष्ट रिर्पोट/सर्टिफिकेटको प्रतलिपी।
- ❖ कम्पनीको आधीकारीक प्रतिनिधि स्वयं उपस्थित नहुने अवस्थामा आधिकारिक अख्तियारिनामा ।
- ❖ स्पेशिफिकेशन अनुसारको गुणस्तर, ब्राण्ड तथा अन्य शर्तहरु बमोजिम पेश गरिएको दरभाउ-पत्र अनुसार समाग्रि उपलब्ध गराउने र सर्भिस सेन्टर तथा स्पेयर पाट्र्स उपलब्धताको स्वाघोषणा ।

४.कृषि औजार उपकरणको दरभाउ प्रस्तावको लागि कार्यालयबाट उपलब्ध फर्मेटमा स्पष्ट रुपमा केरमेट नगरी सवै विवरण खुलाई तयार गरेर सबै कागजातको प्रत्येक पानामा आधिकारीक हस्ताक्षर र कम्पनीको छाप सहित प्रमाणित गरेको हुनु पर्ने छ ।

५. शिलबन्दी दरभाउ-पत्र पेश गर्ने अन्तिम दिन बिदा पर्न गएमा सो पछि कार्यालय खुल्ने समयमा दर्ता गराउन सकिने छ ।

६. हुलाक, कुरियर तथा इमेल मार्फत प्राप्त भएको वा रित नपुगी प्राप्त भएको दरभाउ-पत्रउपर कुनै कारावाही हुने छैन ।

थप जानकारीको लागि कार्यालयको *Website: adorukumwest.karnali.gov.np* हेर्न वा ०८८-५३००१९ मा सम्पर्क गर्न सकिने छ ।

(भरत बहादुर बस्नेत)
निमित्त प्रमुख

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि विकास कार्यालय**
रुकुम (पश्चिम भाग)
कार्यालय कोड नं ३१०७५९०७६

## शिलबन्दी दरभाउ-पत्र मागको उपयोगिता र भूक्तानी प्रक्रिया

- कृषि सम्बन्धि कायर्क्रम (संचालन तथा व्यवस्थापन) कार्यबिधि, २०८२ को मातहत रही कृषकलाई खरिद प्रक्रियामा सहजिकरण गर्ने उदेश्य अनुरुप शिलबन्दी दरभाउ-पत्रमाग गरिएको हो । अनुदानलाई कृषकमैत्री बनाउन माग भएको मेशिनरी/उपकरणको प्रकार, गुणस्तर र प्रति इकाई मूल्यको आधारमा कम्तिमा ३ आपूर्तिकर्ताको प्रतिस्पर्धात्मक सूची सार्वजनिक गरी प्राप्त गुणस्तर र मूल्य अनुरुप सबैभन्दा कम दररेटका आधारमा अनुदान रकम निर्धारण गरिने छ ।
- अनुदानग्राहीले सूची सार्वजनिक गरिएका आपूर्तिकर्ता मध्ये आफूले चाहेको गुणस्तर र ब्राण्डको उपकरण आपूर्ति कर्ताले तोकेको मूल्य तिरी खरिद गर्न सक्ने छन् ।
- अनुदानग्राही कृषक र कार्यालय बीच भएको सम्झौता अनुसार कृषकले सामाग्रि खरिद गरी सो को बजार मूल्य (अनुदान+लागत सहभागिता) बराबरको रकम आपूर्तिकर्ताको खातामा जम्मा गरेको बैंक भौचर वा अन्लाइन ट्रान्सफर रिसिप्ट र अन्य आवश्यक कागजातहरु सहितको निबेदन कार्यालयमा प्राप्त भएमा अनुदानग्राहीको बैंक खातामा जम्मा गरिने वा अनुदानग्राहीले छनौट गरेको आपूर्तिकर्ताबाट सामाग्रि खरिद गरी अनुदानग्राहीको योगदान वाफतको रकम जम्मा गरेको बैंक भौचर अन्लाइन ट्रान्सफर रिसिप्ट र अन्य आवश्यक कागजात सहित भूक्तानीका लागि निबेदन पेश भएमा आपुर्तिकर्ताको खातामा अनुदान रकम जम्मा गर्न सकिने छ ।
- सूचिकृत भएका आपुर्तिकर्ताहरुबाट सामाग्रिको गुणस्तर वा अन्य कारण देखाई अनुदानग्राहीहरुले सामाग्रि खरिद नगरेमा कार्यालय जवाफदेहि हुने छैन ।

आपूर्तिकर्ताले पालन गर्नुपर्ने सर्तहरुः

- जिल्ला सदरमुकाम सम्मको ढुवानी भाडा सहित सामाग्रीहरुको दरभाउ-पत्र पेश गर्नु पर्नेछ।
- मिनिटिलरको हकमा कबोल गरेको मूल्यमा ग्रेयर आयल-१ लिटर र मोबिल-१ लिटर र इन्जिन स्टार्ट गर्न आवश्यक इन्धन समेत उपलब्ध गराउनु पर्नेछ ।

मेशिनरी/उपकरण संचालन गर्ने तरिका सबैजना

(भरत बहादुर बस्नेत)
निमित्त प्रमुख

बस्नेत
कृषि प्रसार अधिकृत (प्रथम)
नि.प्रमुख